फाइजरद्वारा प्रेषित

# कोरोनाभाइरस खोपका निर्देशनहरु

**कोरोनाभाइरस खोपका बारेमा**

यो कोरोनाभाइरसको खोप केन्द्रीय र स्थानीय सरकारको खोप कार्यक्रम (SARS-CoV-2) को एक हिस्साको रूपमा संचालनमा आउँदैछ । यस खोपलाई सार्बजनिक कोषद्वारा कभर गरिएको छ र खोप लिन चाहनेहरूलाई नि:शुल्क उपलब्ध गराउनेछ । यो खोप १६ बर्ष भन्दा बढि उमेरका व्यक्तिको लागि लक्षित गरिएको छ ।

**खोपको प्रभावकारिता र खोप लिने विधि**

यस पटक दिइने खोप फाइजरद्वारा बनाएइको हो । यस खोपले कोरोनाभाइरस लाग्नबाट रोक्दछ ।
खोप नलिने ब्यक्तिहरू भन्दा खोप लिने ब्यक्तिहरूलाई कोरोनाभाइरस संक्रमण कम हुन्छ भन्ने कुरा पत्ता लागेको छ ।
(यसको प्रभावकारिता करीव ९५% रहेको प्रतिवेदन आएको छ ।)

| | |
|---|---|
| नाम | Comirnaty® intramuscular injection |
| क्षमता र प्रभाबहरू | SARS-CoV-2 को संक्रमणको रोकथाम |
| खोपको डोज र समय अन्तराल | २ पटक (सामान्यतया ३ हप्ताको दुरिमा)<br>*इन्ट्रामस्क्युलर इन्जेक्शन |
| खोपको लक्षित उमेर | १६ बर्ष माथिका व्यक्तिहरू (१६ बर्ष भन्दा कम उमेरका व्यक्तिका लागि प्रभाव र सुरक्षाका बारे अझै स्पष्ट भएको छैन ।) |
| खोपको मात्रा | ०.३ एम.एल. प्रति डोज, जम्मा २ डोज |

- दोस्रो खोप प्राय पहिलो खोपको ३ हप्तापछि दिइन्छ। (यदि खोप लिएको ३ हप्ताभन्दा बढी समय भएमा दोस्रो खोप जति सक्दो चाँडो लिनुहोस् ।)
- यदि तपाईंले पहिलो डोजका लागि यो खोप लिनुभयो भने, दोस्रो डोज पनि यही खोप लिनुहोस् ।
- यस खोपको दोस्रो डोज लिएको ७ दिन पछि मात्र पर्याप्त रोग प्रतिरोधात्मक शक्ति प्राप्त हुन्छ भन्ने बिश्वास गरिन्छ । अहिलेको अवस्थामा संक्रमण रोक्न यसको प्रभावकारिता निर्धारित गरिएको छैन । तपाईंले खोप लिएपनि नलिएपनि संक्रमण रोकथामका उचित उपायहरू अपनाउनु पर्दछ ।

**खोप लिन नमिल्ने ब्यक्तिहरु**

निम्न कुरा भएका व्यक्तिहरुले यो खोप लिन मिल्दैन । यदि तलका कुनै कुरा मिल्न गएमा खोप लिनुभन्दा अगाडि डाक्टरसँग परामर्श गर्नुहोस् ।

- ज्वरोआएको व्यक्तिहरू (*१)
- गम्भीर रोगबाट ग्रस्त व्यक्तिहरू
- यस खोपमा भएका तत्त्वहरूसँग स्वास्थ्यमा गम्भीर संवेदनशीलता(*२) भएका व्यक्तिहरू
- माथि उल्लेखित बाहेक व्यक्तिहरु जसले यो खोप प्राप्त गर्न सक्दैनन् ।

**(पछाडि पल्टाउनुहोस्।)**

(*१) सामान्यतया ज्वरो ३७.५ डिग्री भन्दा बढी तापक्रमलाई बुझिन्छ । जहाँसम्म तापक्रम ३७.५ डिग्री सेल्सियस भन्दा कम भए पनि सामान्य शरीरको तापक्रमको आधारमा यसलाई ज्वरोको रूपमा मानेको केसहरूमा यो आवश्यक रूपमा लागू हुँदैन ।
(*२) एनाफिलाक्सिस र एनिफिलाक्सिस को बहुलक्षणहरू जस्तै सामान्य छाला तथा म्यूकस झिल्ली सिन्ड्रोम, सास फेर्दा घ्यार-घ्यार आवाज आउने, स्वास-प्रश्वास सम्बन्धि रोग (डिस्प्निया), टाचिकार्डिया र हाइपरटेन्सन भएका व्यक्तिहरु ।

**खोप लिनेबेला सावधान हुनुपर्ने व्यक्तिहरु**

यस खोपका सम्बन्धमा निम्न मध्ये कुनै पनि कुरा मिल्न गएमा सावधान हुनुपर्छ र खोप लिनुअघिको परामर्शका बेला डाक्टरलाई बताउनुहोस् ।

- एन्टीकोआगुलेन्ट थेरापीका ब्यक्तिहरू, थ्रोम्बोसाइटोपेनिया वा कोगुलेसन डिसआर्डर भएका ब्यक्तिहरू
- बिगतमा रोग प्रतिरोध क्षमतामा कमी (इम्युनोडेफिशियन्सी) पत्ता लागेको व्यक्ति वा नजिकका आफन्तहरू जन्मजात प्रतिरोध क्षमता कम भएका व्यक्तिहरू
- मुटु, मृगौला, कलेजो, रक्त संचार तथा शारीरिक विकास सम्बन्धी अन्तर्निहित चिकित्सा अवस्थाका व्यक्तिहरू
- विगतमा खोप लिँदा खोप लिएको २ दिनभित्र ज्वरो वा शरीरको कुनै भागमा दागहरु जस्ता एलर्जीका लक्षणहरू भएका व्यक्तिहरू
- बिगतमा ऐंठन (काम्ने, मुर्छा हुने) भएका व्यक्तिहरू
- यस खोपमा भएका रासायनिक पदार्थबाट एलर्जी हुन सक्ने व्यक्तिहरू

गर्भवती एवम् गर्भवती भएको शंका भएका व्यक्ति तथा स्तनपान गराइरहेका व्यक्तिहरूले खोप लिनुअघिको परामर्शका समयमा डाक्टरलाई भन्नुहोस् ।
यस खोपमा एक पदार्थ समावेश छ जुन पहिले खोपमा कहिल्यै प्रयोग भएको थिएन । यदि तपाईंसँग बिगतमा औषधि प्रति अत्यधिक संवेदनशीलता वा एलर्जी भएको छ भने, खोपपूर्व परामर्शको समयमा डाक्टरलाई भन्नुहोस् ।

**खोप लिएपछिको सावधानी**

- यो खोप लिई सकेपछि, कृपया तपाईले खोप लगाउनु भएको स्थानमा कम्तिमा १५ मिनेट पर्खनुहोला (गम्भिर एलर्जीको लक्षणहरू भएका वा अस्वस्थता महसुस हुने, अचेत महसुस हुने व्यक्तिहरू कम्तिमा ३० मिनेट पर्खनुहोला) र यदि तपाईंलाई अस्वस्थ महसुस भएमा तुरुन्त आफ्नो डाक्टरलाई सम्पर्क गर्नुहोस् । (यसले अचानक हुने साइड इफेक्टको समाधान गर्न सम्भव हुन्छ ।)
- सुइ लगाएको ठाउँ सफा राख्नुपर्छ । त्यहि दिन नुहाउन पनि सकिन्छ तर सुइ घोचेको ठाँउमा नमाड्नुहोला ।
- खोप लिएको दिनमा कडा ब्यायाम नगर्नुहोस् ।

**साइड इफेक्ट**

मुख्य साइड इफेक्टमा इन्जेक्शन गरिएको ठाउँमा दुखाइ, टाउको दुख्ने, जोर्नी तथा मांसपेशी दुख्ने, थकान, जाडो र ज्वरो पर्दछन् । गम्भिर साइड इफेक्टमा सक हुने वा चिलाउने-फोका उठ्ने (एनाफिलाक्सिस) सम्म हुनसक्छ । यो खोप नयाँ प्रकारको भ्याक्सिन भएकाले गर्दा अहिलेसम्म नदेखिएका अन्य लक्षणहरू पनि देखिन सक्छन् । यदि तपाईंले खोप लिएपछि कुनै लक्षणहरू देख्नुभयो भने, खोप दिने चिकित्सक वा तपाइँको पारिवारिक चिकित्सकसँग सल्लाह लिनुहोस् ।

**(पछाडि पल्टाउनुहोस्।)**

**खोपबाट स्वास्थ्यलाई हानी पुग्न गएमा त्यसको राहत प्रणालीका बारेमा**

खोपले स्वास्थ्य समस्याहरू निम्त्याउन सक्ने कुरालाई मध्यनजर गरी यसको राहत प्रणाली स्थापित गरिएको छ ।
कोरोना-भाइरस  खोपको कारणले स्वास्थ्यमा क्षति भएको खण्डमा,  खोप ऐन अन्तर्गत राहत (चिकित्सा खर्च, अशक्त पेन्शन लाभहरू आदि)  लिन सकिन्छ । यसको आवश्यक आवेदन प्रक्रियाको लागी आफु बसोबास गर्ने नगरपालिकामा परामर्श गर्नुहोस् ।

**कोरोना-भाइरस संक्रमणको बारेमा**

जब SARS-CoV-2 को संक्रमण हुन्छ,  ज्वरो र खोकीजस्ता सामान्य रुघाको जस्तै लक्षणहरू देखिन्छ । धेरै व्यक्तिहरूमा यस्ता हल्का लक्षणहरू आफैं निको हुने भएपनि गम्भिर सवालहरूमा निमोनियाका लक्षणहरू जस्तै सास फेर्न गाह्रो हुँदै जान्छ र मृत्युसम्म पनि हुन सक्छ ।

**यस खोप (फाइजरद्वारा निर्मित भ्याक्सिन) का विशेषताहरू**

यो औषधि मेसेन्जर आरएनए (mRNA) भ्याक्सिन हो,  र SARS-CoV-2 को स्पाइक प्रोटीनको (भाइरस मानव शरीरमा प्रवेश गर्नको लागि आवश्यक प्रोटिन) एउटा mRNA फोरमुलेसन हो जुन लिपिड झिल्लीमा राखिएको हुन्छ ।
यस mRNA लाई खोपबाट मानव शरीरको कोषिकाभित्र राखेपछि त्यसबाट भाइरसको स्पाइक प्रोटीनको उत्पादन भई, त्यस बिरुद्ध एन्टिबडि र कोषिकाको प्रतिरक्षा प्रणालीमा प्रेरित गरिन्छ,  जसबाट SARS-CoV-2 को संक्रमणको रोकथाम हुन्छ भनेर सोचिएको छ ।
यस औषधिमा निम्न सामग्रीहरू समावेश छन् ।

| | |
|---|---|
| सक्रिय पदार्थ (Active ingredient) | ✧ Tozinameran (मानव कोषिकाको झिल्लीमा समाहित हुने स्पाइक प्रोटिनको पूरा कोड गरिएको mRNA) |
| अन्य योजक (Additives) | ✧ ALC-0315: [(4-hydroxybutyl)azanediyl]bis(hexane-6,1-diyl)bis(2-hexyldecanoate)<br>✧ ALC-0159: 2-[(polyethylene glycol)-2000]-N,N-ditetradecylacetamide<br>✧ DSPC: 1,2-Distearoyl-sn-glycero-3-phosphocholine<br>✧ Cholesterol<br>✧ Potassium chloride<br>✧ Monobasic potassium phosphate<br>✧ Sodium chloride<br>✧ Dibasic sodium phosphate dihydrate<br>✧ Sucrose |

कोरोनाभाइरस खोपको प्रभावकारिता र सुरक्षाका बारे थप जानकारीको लागि कृपया स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइटमा हेर्नुहोस् ।

Ministry of Health, Labor and Welfare Novel Coronavirus Vaccines | Search

यदि तपाईं वेबसाइट हेर्न असमर्थ हुनुहुन्छ भने, कृपया तपाईंको स्थानीय पालिकामा सम्पर्क गर्नुहोस्